नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ११६ २०८१ साल मंसिर १८ गते मंगलबार (3 Dec. 2024 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : लैङ्गिक हिंसाविरुद्ध सामाजिक.. ३ पृष्ठमा : दासप्रथा उन्मूलन दिवस ... ३ पृष्ठमा विश्वकै दुर्लभ ह्वेलको अनुसन्धा ...

## हरेक प्रदेशमा महिलालाई उद्यमशील बनाउनुपर्छ : डा. कोइराला

**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

नेपाली काँग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले देश आर्थिक समृद्धितिर लग्न हरेक प्रदेशमा महिलालाई उद्यमशील बनाउनुपर्नेमा जोड दिएका छन् ।




जय नेपाल फाउन्डेशन जिल्ला कार्यसमिति सप्तरीको आयोजनामा सोमबार राजविराजमा गरिएको विचार गोष्ठीमा बोल्दै नेता कोइरालाले सो कुरामा जोड दिएका हुन् ।

मधेशले संविधानमा सुधार र समावेशी सहभागिता चाहेकोले त्यसलाई काँग्रेसले संस्थागत गर्न अघि बढ्नुपर्ने उनले बताए । सुशासन र आर्थिक विकासको निम्ती गठवन्धन गरेको यो सरकारको काम कारवाही जनताले अपेक्षा गरे झैं नदेखिएको जिकिर समेत गरे ।

"सरकारको १८ खर्वको बजेट छ । प्रत्येक वर्ष ३ खर्व ऋण तिर्न जान्छ । ३ खर्ब विकासीय बजेट अर्थात पुँजीगत बजेट हो । वर्षेनी १२ खर्ब भइरहेको चालू खर्च घटाउन सकेका छैनौं । यो अवस्थामा हाम्रो देश चलेको छ ।" उनले भने ।

जय नेपाल फाउन्डेसनका केन्द्रीय अध्यक्ष बद्री आचार्यको उपस्थिति समेत रहेको विचार गोष्ठी कार्यक्रममा मधेस प्रदेशका सबै जिल्लाका नेता तथा कार्यकर्ताहरू र कोशी प्रदेशका सुनसरी, मोरङ लगायतका जिल्लाका नेता जिल्ला अध्यक्षहरूको समेत सहभागिता रहेको फाउन्डेसनका जिल्ला अध्यक्ष अर्जुन प्रसाद साहले जानकारी दिए ।

## डाक्नेश्वरीको दुबै वडामा जसपा नेपालका साह र यादव विजयी

**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४ को अध्यक्षमा जनता समाजवादी पार्टी नेपालका उम्मेदरद्वय धिरेन्द्रकुमार साह र देवेन्द्रप्रसाद यादव विजयी भएका छन् ।



आइतबार सम्पन्न उपनिर्वाचनमा वडा नं १ को अध्यक्षमा धिरेन्द्रकुमार साहले ६ सय ५२ मत प्राप्त गरि बिजयी भएको निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

साहका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका भुलियादेवी थरुनीले ५ सय ८७ मत प्राप्त गरिन् भने नेपाल कम्युनिष्ट पार्टी (एमाले)का भगबानी साहले २ सय ६५, राष्ट्रिय प्रजातन्त्र पार्टीका सतिशकुमार चौधरीले १ सय ६५, जनमत पार्टीका शैलेन्द्रकुमार साह (तेली)ले ७४, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमोदकुमार सन्तले २९, नागरिक उन्मुक्ति पार्टीका अनरुदप्रसाद चौधरीले २० र स्वतन्त्र उम्मेदवार सुशील साहले २ मत प्राप्त गरेको निर्वाचन कार्यालयले जनाएको छ ।

यस्तै वडा नं. ४ को अध्यक्षमा देवेन्द्रप्रसाद यादवले ३ सय ७२ मत प्राप्त गरि बिजयी भएका छन् । यादवका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका जोगिन्द्र राय अमातले २ सय ७७ मत प्राप्त गरेका छन् । यस्ते जनमत पार्टीका

*बाँकी अन्तिम पृष्ठमा*

**श्री सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र प्रालिद्वारा संचालित**

**हुलाकी मार्गबाट राजविराजदेखी सिरहा माडर सम्म बस, मिनि बस, माइक्रो, बिंगर, म्याजिक**

राजविराज, बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुँदै सिरहा माडरसम्मको आरामदायी यात्राका लागि हामीलाई सम्पर्क गर्नुहोस् ।

**यातायात संचालन हुने स्थान**
राजविराज राम मन्दिरको छेउमा सिरहा रोड

**सम्पर्क व्यक्ति**
**मन्त्रि यादव**
सम्पर्क नं. ९८१९९५३७७७
**अमरेन्द्र बर्मा**
९८०७७१६९५४
**शम्भु प्रसाद यादव**
९८०७७९३८२२

## सशस्त्र प्रहरी नायब निरीक्षकको मृत्यु प्रकरणमा दुई पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, १७ मंसिर ।**

स्कोरपियोको ठक्करबाट सिरहामा सशस्त्र प्रहरी नायब निरीक्षक (सई) को मृत्यु प्रकरणमा दुई जनालाई पक्राउ गरिएको छ । अनुसन्धानका क्रममा सोधपुछका लागि दुई जनालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

उनीहरूलाई आइतबार नियन्त्रणमा लिई आवश्यक बयान लिने काम भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितले जानकारी दिए । घट्नामा प्रयोग भएको गाडी र सङ्लग्न व्यक्तिको पनि पहिचान भइसकेको पनि प्रहरी उपरीक्षक पण्डितले बताए ।

नम्बर नखुलेको स्कोरपियोको ठक्करबाट नेपाल-भारत सीमा नजिकै बडियारपट्टी-१ कचनारीको भित्री सडकमा गस्तीमा रहेका सशस्त्र प्रहरी नायब निरीक्षक ४८ वर्षीय लक्ष्मणप्रसाद यादवको आइतबार बिहान मृत्यु भएको थियो । ठक्कर दिएर उक्त स्कोरपियो भारततर्फ फरार भएको थियो ।

मृतक यादवको लहानस्थित प्रादेशिक अस्पतालमा शव परीक्षण गरी आइतबार साँझ नरहा गाउँपालिका ४ स्थित घरमा ल्याएर अन्त्येष्टि गरिएको थियो । यसअघि अवैध मदिरा ओसारपसार गरिरहेको गाडीलाई रोक्न खोज्दा योजनाबद्ध रूपले किचेर हत्या गरेको आरोप लगाउँदै आफन्तसहित स्थानीय बासिन्दाले पूर्व-पश्चिम सडकको लहानखण्ड अवरुद्ध गरेका थिए ।

**खुशीको खबर ! खुशीको खबर ॥**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**

सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **बिंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११



# लैङ्गिक हिंसाविरुद्ध सामाजिक न्यायमा शिक्षाको भूमिका

**हरिविनोद अधिकारी**
काठमाडौँ, १७ मङ्सिर (रासस)।

नेपालमा सन् १९९७ सालदेखि लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान गरिँदैआएको छ। यो अभियानको इतिहासमा जाँदा सन् १९६० मा डोमेनिक गणराज्यका तीन दिदीबहिनीहरू पेट्रिया, मिनर्भा र मारियालाई त्यहाँको निरङ्कुश सरकारले राजनीतिक बिरोधीका रूपमा मारेकाले र त्यही कारणले त्यहाँको निरङ्कुश सरकारको पनि केही समयपछि पतन भएकाले डोमेनिकन सरकारकोसमेत प्रयासले नोभेम्बर २५ तारिखलाई महिला हिंसाविरुद्धको दिवस मनाउन संयुक्त राष्ट्रसङ्घले आफ्ना सदस्य राष्ट्रहरूलाई आह्वान गरेको हो। नोभेम्बर २५ तारिखदेखि सुरु भएको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको अन्तिम दिन मानव अधिकारको विश्वव्यापी घोषणाको दिन मानव अधिकार दिवसमा पारिएको छ।

नेपालमा पनि अहिले यो १६ दिने अभियान निरन्तरतामा छ। हुन त यस १६ दिने अभियानको नाम लैङ्गिक हिंसाबिरुद्ध भने पनि खासमा महिलाबिरुद्धमा गरिने हिंसालाई कसरी कम गर्ने भन्ने सचेतना अभियानका रूपमा लिइन्छ। एकातिर प्रत्येक बर्ष सचेतना अभियान गरिन्छ तर महिलामाथि हुने हिंसात्मक प्रवृत्ति नेपालमा पनि बढेकै छ र संसारमा पनि प्रत्येक बर्ष वृद्धि भएको पाइन्छ। प्रत्येक बर्षझैँ यस बर्ष पनि नेपालले राष्ट्रियरूपमा आफ्नो प्रतिबद्धता जनाउँदै हामी सबैको प्रतिबद्धता, लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता भन्ने नाराका साथ बिभिन्न तहमा कार्यक्रम सञ्चालन गरिएका छन्। नेपालमा घरेलुहिंसा भनेको महिला हिंसासँग जोडिन्छ महिलाहिंसा भनेको लैङ्गिक हिंसासँग जोडिन्छ। महिला हिंसा भन्यो भने पनि त्यो घरेलु हिंसासँग मिल्न जान्छ। पितृसत्तात्मक परम्पराका कारणले हिंसाका कारण र परिणाममा महिलाको नाम जोडिन जान्छ। त्यसैले लिङ्ग वा यौनका कारणले हुने हिंसात्मक प्रवृत्तिका सम्बन्धमा जानकारी राख्नुपर्ने हुन्छ। लैङ्गिक विभेद, घरेलु हिंसा, बलात्कार, मानवीय बेचबिखन र त्यसका परिणाम अनि सामाजिक न्यायका दृष्टिले त्यसको निराकरण आदि यस समयका केन्द्रीय विषय हुन्। पौराणिककाल तथा महाभारतकालमा समेत महिलाप्रति गरिएका विभेद्कारी नीतिका कारणले नै एउटा युगको संस्कृति नै महायुद्धमार्फत समाप्त भएको थियो। विभिन्न तरिकाका महिलाहिंसा वा घरेलु हिंसालाई रोकेर र कम गरेर मात्र हामी सभ्य समाजको रूपमा विकसित हुनसक्छौँ।

समाजलाई लैङ्गिक सन्तुलनमा राख्न र लैङ्गिक हिंसाबाटमुक्त गर्न पनि शिक्षाको ठूलो महत्व छ। यससम्बन्धमा यस्तै क्षणिक अभियानले मात्र त सम्भव छैन। यस्ता चेतनाका काम सरकारले मात्र गरेर पनि सम्भव छैन। सामाजिक चेतनामा नै जुनसुकै प्रकारको भए पनि जसलाई जहाँ भएको भए पनि लैङ्गिक हिंसाबिरुद्धमा सचेत गराउनु सबैको कर्तव्य हुनजान्छ। तर यसका लागि समुचित र सकारात्मक नैतिक शिक्षाबिना यो सम्भव छैन। शिक्षालाई सामाजिक न्यायको एउटा महत्वपूर्ण पाटो मानेमा लैङ्गिक सन्तुलन कायम पनि हुन्छ र लैङ्गिक हिंसाबाट पनि समाज बिस्तारै बिस्तारै लैङ्गिक समानताको तहमा पुग्न सक्छ।

**लैङ्गिकतामा हिंसा कसरी प्रवेश गर्दछ त ?**

यौनिकताका कारणले लैङ्गिकतामा असर पार्ने व्यक्तिको शारीरिक अवस्था, मानसिक अवस्था, सामाजिक–सांस्कृतिक मूल्य मान्यता, देशको कानुनी व्यवस्था, धर्म, परम्पराजस्ता कुराले समाजलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ र लैङ्गिकतामा असमानता देखिनेबित्तिकै त्यहाँ हिंसाले प्रवेश पाउँछ, भनौँ हिंसाले स्थान प्राप्त गर्दछ। प्रकृतिले दिएको विशेषता अनुसारको यौनिक अन्तरले लैङ्गिक अन्तरको काम गर्दछ। प्रकृतिले दिएको लैङ्गिक अन्तरले सन्तानोत्पत्तिका लागि प्रमुख भूमिका निर्वाह गरेको हुन्छ तर सामाजिक–सांस्कृतिक परम्परा र चलनले तयार गरेको लैङ्गिक असमानताले हिंसा जन्माउँछ। लैङ्गिकताको विभेदले गुम्सिएर गरिने स्वतस्फूर्त प्रतिरोध र प्रतिरोध नगरिकन रहँदा जन्मने दबाब दुबैले हिंसाको अवस्था सिर्जना गरेको पाइन्छ। लैङ्गिकताको विभेदमा अपूर्ण तथा अतृप्त यौनेच्छादेखि समाजको विद्यमान पितृसत्तात्मक बनावटले देखाएको असमानतासमेत प्रतिविम्बित हुन जान्छ। प्रकृतिले पुरुषलाई भन्दा महिलालाई बढी संवेदनशील आङ्गिकस्वरुप दिएको छ। सांसारिक प्रवृत्तिमा र नेपालको परिप्रेक्ष्यमा लैङ्गिक असमानताको कुरा गर्दा पुरुष, महिला र तेस्रो लिङ्गीका बीचमा देखिने गरी गरिएको सामाजिक तथा सांस्कृतिक एवं कानुनी विभेद नै सम्झनु पर्दछ।

अपाङ्गताको अवस्था झन् विकराल छ, जसमा लैङ्गिक विभेदले जरो नै गाडेको छ। तर आमा जातिमा रहेको त्यस्तो अपरिवर्तनीय यौनिकताका कारणले नै सामाजिकरूपमा विभेद सुरु भएको पाइन्छ। यो विभेद वैदिककालदेखि आजसम्म विभिन्न स्वरुप र प्रकारमा विद्यमान छ, जसको सकारात्मक रूपमा नै अन्त्यको आवश्यकता छ।

**महिलाविरुद्ध हिंसाका विभिन्न स्वरुप**

महिला विरुद्धको हिंसा भन्नाले महिला भएकै कारणले व्यक्तिगत जीवनमा र सार्वजनिक जीवनमा लिङ्गका कारणले हुने हिंसाजन्य कार्य हो। यसले महिलालाई शारीरिक पीडा पुर्‍याउँछ, मानसिकरूपमा समेत आघात पारेको हुन्छ। महिला हिंसा भनेको धम्की, दबाब र जबरजस्ती करणीजस्ता कुराले महिलाको स्वतन्त्रतामा पार्ने बन्देजसमेत पर्दछ। महिलामाथि हिंसा हुने कुरा कुनै एक संस्कृतिमा मात्र सीमित हुँदैन। उमेर र वर्गमा मात्र पनि सीमित हुन सकेको पाइँदैन। समाजमा लैङ्गिक हिंसाको कुरा गर्दा बढीभन्दा बढी महिलाले विभिन्न कालखण्डमा विभिन्न स्वरुपका हिंसाको कटु अनुभव गरेको पाइएको छ। महिलाविरुद्ध हिंसालाई कतिपय परिस्थितिमा घरेलु हिंसासँग पनि जोडिएको छ। पितृसत्तात्मक हाम्रो समाज र सामाजिक संरचना नै असन्तुलित छ। पुरुषको सामाजिक भूमिका गहकिलो बनाइएको छ र महिलाको सामाजिक तथा सांस्कृतिक भूमिका सहायकस्तरको बनाइएको छ।

नेपाली समाजमा महिलाविरुद्धको हिंसा, पुरुषले महिलामाथि आफ्नो श्रेष्ठतासिद्ध गर्ने माध्यमको रूपमा प्रयोग गरिरहेका छन्। संयुक्त राष्ट्रसङ्घीय साधारणसभाले १९९३ डिसेम्बर २० मा पीरत गरेको महिलाविरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्रमा भनिएको छ, महिलाविरुद्धको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, मानसिक पीडा वा मानसिक क्षति वा मनमा चोट या अदृश्य पीडा पुर्‍याउँछ वा पुर्‍याउने सम्भावना हुन्छ। यसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाब र स्वेच्छाचारीरूपमा महिलाको स्वतन्त्रतामा बन्देज लगाउँछ। वास्तवमा महिलाविरुद्धको हिंसा भनेको लैङ्गिक विभेद नै हो, जसले महिलाको अधिकार प्रयोग गर्ने स्वतन्त्रतामा बाधा पुर्‍याउने गर्दछ।

**महिलामाथिको हिंसा नै घरेलु हिंसा हो त ?**

महिलामाथिको हिंसा नै त घरेलु हिंसा होइन तर प्रकारान्तरमा घरेलु हिंसा भनेको महिलामाथिको हिंसा नै अर्थ्याइएको छ। घरेलु हिंसा संसारमा सबै खालका सभ्यता र समाजमा लुकेर बसेको हुन्छ। शारीरिक क्षमता र समाजको संरचनालाई दृष्टिगत गर्दा घरेलु हिंसा भनेको महिलामाथिको हिंसा नै बुझिन्छ। पुरुषमाथि पनि घरेलु हिंसा भएको पाइन्छ, पुरुष भएकै कारणले हिंसा गरिएको छ भने त्यो पनि लैङ्गिक हिंसा नै हो तर पीडितका हिसाबले महिला नै अत्यधिक पीडामा बाँच्न बाध्य भएको पाइन्छ।

संयुक्त राष्ट्रसङ्घको महिलाविरुद्ध भेदभाव उन्मूलन गर्ने समितिको सिफारिस नम्बर १९ ले घरेलु हिंसा भनेको महिलाविरुद्ध हिंसाको एउटा सबैभन्दा पुरानो रुप मानेको छ र सबै किसिमको समाजमा यो विद्यमान रहेको स्वीकार गरेको छ। घरेलु हिंसाले महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको र सार्वजनिक तथा पारिवारिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको कुरा उपयुक्त सिफारिसमा प्रष्ट पारिएको छ। घरेलु हिंसा (कसुर र सजाय) ऐनमा घरभित्रको नाता सम्बन्धका व्यक्तिबीच हुने शारीरिक, मानसिक, यौनजन्य, भावनात्मक र सम्पत्तिसम्बन्धी कुनै पनि प्रकारका हिंसालाई घरेलु हिंसाको रूपमा परिभाषित गरी यस्तो कार्यलाई दण्डनीय आपाराधिक कार्य मानिने कुरा स्पष्ट पारिएको छ। त्यसैले महिलामाथिको हिंसालाई नै घरेलु हिंसाको रूपमा स्वीकार गरिएको पाइन्छ। यसो हुनुमा लैङ्गिक विभेदका कारणले हो। यसका लागि लैङ्गिक सन्तुलन आवश्यक छ। सामाजिक न्यायका दृष्टिले लैङ्गिक असन्तुलनका विभिन्न कारण हुन सक्छन्। तर हाम्रोजस्तो समाजमा विद्यमान सामाजिक तथा सांस्कृतिक विभेद नै मुख्य कारण हुनसक्छन्। हाम्रा कानुन तथा कानुनी प्रयोग समाजको आवश्यकता र अलिखित नियमका आधारमा नै अभ्यासमा आएका हुन्छन्।

**नेपालमा लैङ्गिक हिंसाको अवस्था**

लैङ्गिक हिंसाले पुरुष र महिला दुवैलाई हुने हिंसा भन्ने जनाए तापनि नेपालको परिप्रेक्ष्यमा लैङ्गिक हिंसा भन्नाले महिलामाथि र बालिकामाथि हुने हिंसालाई नै जनाउँछ। महिलामाथि हुने लैङ्गिक हिंसाकास्वरुप हुन्–हत्या, कुटपिट, यौन शोषण, दाइजोसँग सम्बन्धित अत्याचार, बलात्कार, वैवाहिक बलात्कार, जबर्जस्ती करणीबाट गर्भधारण, यातना, महिलालाई क्षति पुर्‍याउने परम्परागत चलन, पति वा पतिका नातेदारबाट हुने हिंसाजन्य व्यवहार, शोषणसँग सम्बन्धित हिंसा, सार्वजनिक स्थान या कार्यालय वा अन्य कार्यक्षेत्रमा काम गर्ने सिलसिलामा हुने यौनजन्य व्यवहार तथा दुर्व्यवहार, बालिका तथा महिला बेचबिखन तथा बाध्यताका साथ गराइने देहव्यापार आदि।

गर्भमा भ्रूण केटा भए बचाउने तर केटी भ्रूण भए गर्भपतन गराउने प्रचलन नेपालमा पनि देखिन थालेको छ। यस्तो चलन बढ्न पो थालेको छ। गर्भको बच्चा पत्ता लगाउने बारेमा अत्याधुनिक प्रविधिको विकास भएकोमा खुसी व्यक्त गर्दागर्दै पनि अवैधानिकरूपमा, आमाको इच्छाबिना गर्भपतन हुन थालेको र भ्रूण हत्या जस्तो जघन्य अपराध हुन थालेको पाइन्छ। यसो हुनुमा वैज्ञानिक प्रविधिको दुरुपयोग गर्दा पनि घरेलु हिंसा हुन्छ र यसमा पनि महिला नै पीडित हुनुपरेको छ। महिलाको पीडा गर्भबाटै यसरी सुरु हुनेगर्दछ। नजन्मदैदेखि लैङ्गिक विभेदको शिकार हुनुपर्दछ। यसैगरी शिक्षा, स्वास्थ्य, खाना र आवासको सुविधादेखि सामाजिक क्रियाकलापमा समेत महिलालाई विभेद गरिएको पाइन्छ। बालिकाको श्रम शोषण, बलात्कार, यौन शोषण अहिले प्रचलित घरेलु हिंसा बनेका छन्। युवतीलाई चरम यौन शोषण, बलात्कार, वैवाहिक बलात्कार, श्रम शोषण, आफ्ना नजिकका नातेदारबाटै बेचबिखन हुनुपर्ने हालका देखिएका घरेलु हिंसा र लैङ्गिक हिंसाकास्वरुप हुन्। वृद्धावस्थामा नगरेको काममा पनि गाली, बेइज्जती, बोक्सीको आरोपमा मलमूत्र ख्वाउने प्रवृत्ति, कुटपिट, मानसिक यातना, घरबाट छोराबुहारी वा छोरी ज्वाइँले निकाल्ने र बेघरबार बनाउने चलन र यौन दुर्व्यवहारसमेत भएका घटना सुन्न र देख्न पाइन्छ।

केटीको विवाहको उमेर कम्तीमा पनि २० बर्ष हुनैपर्ने भनिए तापनि कतिपय व्यवहारमा त्योभन्दा कम उमेरमा अनमेल विवाह गर्ने र बालविवाहलाई अझै परम्पराबाट हटाउन नसकिएको यथार्थ हाम्रा सामु विद्यमान छ। सार्वजनिक स्थानमा हुने लैङ्गिक हिंसामा बलात्कार, यौन शोषण तथा कार्यक्षेत्रमा गरिने यौनजन्य दुर्व्यवहार, महिला तथा बालिकाको बेचबिखन, परम्परागत विभेदपूर्ण प्रचलन जस्तै दाइजोका लागि रकम दिने तथा लिने, देउकी प्रथा, झुमा प्रथा, छाउपडी प्रथालाई लिन सकिन्छ। जनसाङ्ख्यिक सर्वेक्षण अनुसार २३ प्रतिशत महिला र २० प्रतिशत पुरुषले हाम्रो परिवार तथा समाजमा लैङ्गिक हिंसा छ र त्यसबाट घरेलु हिँसालाई प्रश्रय दिइएको छ भनी स्वीकार गरेका तथ्याङ्क हाम्रो सामु छ। यसबाट मुक्ति पाउन नै सन् २०१० लाई नेपालले लैङ्गिक हिंसाविरुद्धको वर्ष भनी मनाएको पनि थियो।

नेपालमा लैङ्गिक हिंसाले परम्पराको रूपमा घरेलु हिंसाको रुप लिएको छ। यसलाई हामीले नहिच्किचाई स्वीकार गर्नसक्नु पर्दछ। तर यसलाई कमी गर्दै लैङ्गिक सन्तुलन र सामाजिक न्यायका दृष्टिले लैङ्गिक समानताको रूपमा हाम्रा समाजलाई डोर्‍याउनु पर्दछ। डोर्‍याउनु जरुरी पनि छ। यसका लागि महिलाको भूमिकाले पुग्दैन। समाजका सबै तह र वर्गको समानुपातिक तवरले सहयोग र सहकार्य जरुरी छ।

**घरेलु हिंसा वा महिला हिंसाबाट कसरी मुक्त हुने त ?**

घरेलु हिंसा तथा त्यसैको पर्यायवाचीको रूपमा रहेको महिला हिंसाबाट बच्नका लागि सबैभन्दा पहिले त चेतना जरुरी छ। चेतना शिक्षाको रूपमा, चेतना सामाजिक न्यायको स्वरुपको पहिचानका रूपमा, चेतना कानुनी प्रावधानका स्पष्ट दण्डका रूपमा र अमानवीय, जघन्य अपराधका रूपमा घरेलु हिंसालाई पहिचान गरी समाजको रुपान्तरण जरुरी छ। त्यसका लागि बालिकालाई शिक्षा, महिलालाई शिक्षा र वृद्धालाई शिक्षा र सबैका लागि समानतामुखी शिक्षा नै आजको आवश्यकता हो।

वास्तवमा यो एउटा यक्ष प्रश्न बनेको छ कि शिक्षा प्राप्त नभइ सामाजिक चेतना प्राप्त हुँदैन र सामाजिक न्यायको प्रत्याभूति भनेको नै शिक्षाले मात्र दिन सक्दछ। कुन पहिले त ? सामाजिक न्याय प्राप्तिका लागि आवश्यकपर्ने चेतनाका लागि शिक्षा नै अपरिहार्य तत्व हो, त्यसैले पनि शिक्षालाई आधारभूत आवश्यकता र मौलिक हकको रूपमा लिइएको छ विश्वव्यापीरूपमा। अवसरको लागि पनि शिक्षा आवश्यक छ। सामाजिक न्यायको सिद्धान्तले पनि के भन्दछ भने वञ्चित समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले सुसज्जित पार्न पनि उनीहरूलाई सशक्तिकरण गर्नुअनिवार्य छ।

मानवीय सशक्तीकरणका लागि शिक्षा नै पूर्वशर्त पनि हो र परिणाम पनि हो। त्यसैले सामाजिक न्याय प्राप्तिका लागि पहिलो पूर्वाधार नै शिक्षा उपलब्ध गराउनु हो। एउटा सर्वमान्य धारणा के छ भने शिक्षा प्राप्ति पछि सामाजिक न्याय प्राप्त गर्न सबै मान्छे स्वतः सक्षम हुन्छन्। सामाजिक न्यायको वितरणको लेखाजोखा गर्न पनि शिक्षाको नै जरुरत पर्दछ। तर अर्को समस्या के देखापर्दछ भने शिक्षा प्राप्ति नै यत्ति दुरुह भएको छ कि यो नै सर्वप्रथम सामाजिक न्यायको पहिलो शर्तको रूपमा उपलब्ध गराउनु पर्दछ। आज शिक्षालाई मौलिक हकको पनि प्राथमिक स्वरूपमा लिइएको छ।

शिक्षा पाउनु पनि सामाजिक न्यायको आधारभूमि हो र सामाजिक न्याय पाएको भनेको नै शिक्षा पाउनु हो। यसलाई केस्रा केस्रा गर्न पनि सकिँदैन तर शिक्षा प्राप्त गर्नु नै सामाजिक न्यायको पहिलो खुड्किलो चढ्नु हो भनेर चाहीँ मान्नुपर्दछ। त्यसैले घरेलु हिंसाबाट बच्न पनि, महिलामाथि हुने हिंसाबाट बच्न पनि , बालिका तथा युवतीहरू बेचबिखनबाट बचाउन र बाध्यात्मक देहव्यापारबाट मुक्त गराउन पनि शिक्षाको नै आवश्यकता छ।

**निष्कर्ष**

घरेलु हिंसा वा लैङ्गिक हिंसा महिला हिंसा भनेको एउटै जस्तो मानिन्छ हाम्रो जस्तो विकासोन्मुख मुलुकमा। पितृसत्तात्मक सामाजिक तथा सांस्कृतिक परम्परा भएका मुलुकहरूमा,

*बाँकी अन्तिम पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# दासप्रथा उन्मूलन दिवस : कागजमा मुक्त व्यवहारमा समस्या

**मधु शाही**
काठमाडौं, १७ मङ्सिर ।

नेपालमा सबै प्रकारका दासप्रथामा आधारित क्रियाकलाप वर्जित छन्, यद्यपि विभिन्न स्वरूपका अवशेषबारे आजपर्यन्त चर्चा भइरहेको छ । यसरी चर्चा हुनेमध्ये एउटा हो–कमैया प्रथा । मुलुकमा कमैयामुक्ति घोषणा भएको दुई दशकभन्दा बढी भइसकेको छ । दासत्वको डरलाग्दो स्वरूप मानिएको यो प्रथा संवैधानिक र कानुनी रूपमा दण्डनीय भनिए पनि व्यवहारमा भने कस्तो छ ? धेरैले उठाउने प्रश्न हो यो ।

अनुसन्धानकर्ता भूमिका थारुलाई पनि यस्तै प्रश्नको उत्तर खोज्ने मन लागेछ । उहाँ मुक्तकमैयाको वर्तमान अवस्थामाथि अध्ययन गर्न एक वर्षअघि लुम्बिनी प्रदेशको दाङ पुग्नुभयो । थारुले अध्ययनको क्रममा थाहा पाउनुभयो मुक्तकमैया र कम्लरीको अवस्था कागजमा भनिएजस्तो पूर्ण रूपमा मुक्त नभएको रहेछ । उहाँले राससससँग भन्नुभयो,“अध्ययन गर्दा पो थाहा पाए दासत्वको पीडा अझै अवशेषमा रहेछ ।”

सरकारले मुक्तकमैयाका छोराछोरीलाई स्नातकसम्म निःशुल्क पढाउँदै आएको थियो तर कोभिड महामारीपछि कक्षा १२ सम्म मात्रै छात्रवृत्ति सुविधा दिने गरिएको छ । यसले मुक्तकमैया पीडित भएको चौधरीको अध्ययनमा देखियो ।

यस्तै, २०७० साल असार १३ गते सरकारले देशलाई कम्लरी मुक्तिको घोषणा गऱ्यो तर पनि मुक्तकम्लरीले दासत्वबाट मुक्ति पाएको अनुभूति गर्न नसकेको जानकारहरू बताउँछन् । मुक्तकम्लरी विकास मञ्चका केन्द्रिय अध्यक्ष हीरा चौधरीकाअनुसार पूर्वकम्लरीको न्यायोचित पुनःस्थापना नहुँदा धेरैले समस्या भोग्नुपरेको छ । “मालिकको घरमा हुँदा बरु च्यातिएका लुगा र बचेखुचेको खान त पाइएको थियो”, चौधरी भन्नुहुन्छ,“अहिले त घर न घाट भएका छौं । न सरकारले काम दिएको छ न त मालिकले काम दिने अवस्था छ ।”


देशभर १२ हजार सात सय ६९ पूर्वकम्लरी छन् । हालसम्म पनि सरकारले उनीहरूको उचित पुनःस्थापना गर्न नसकेको अध्यक्ष चौधरीले बताउनुभयो । जसका कारण कतिपय मुग्लानमा गएर कष्टपूर्ण जीवन बिताउन बाध्य छन् । कसैले बिहे गरे । कोही दैनिक ज्यालादारी गरेर पेट पालिरहेका छन् । अध्यक्ष चौधरी कागजमा मुक्त हुँदैमा व्यवहारमा मुक्ति नपाइएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ,“हाम्रो लागि दासत्व हटेको छैन, बरु समस्यामाथि समस्या थपिएका छन् ।”

राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन २०७९ अनुसार मानव बेचबिखनलाई आधुनिक युगको दास प्रथाको रूपमा स्वीकार गरिएको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन र वाक फ्रि फाउण्डेसनले अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनसँगको सहकार्यमा सन् २०१७ मा गरेको अध्ययनमा विश्वमा चार करोड मानिस आधुनिक दास प्रथाको शिकार भएका छन् । जसमध्ये दुई करोड ५० लाख बाध्यकारी श्रममा र एक करोड ५० लाख बाध्यकारी विवाहमा प्रयोग भएको अध्ययनमा उल्लेख छ । प्रतिवेदनले विश्वका प्रत्येक एक हजार व्यक्तिमा चा दशमलव पाँच जना आधुनिक दासतामा बाँच्न बाध्य छन् । यस्ता व्यक्तिमध्ये पाँच दशमलव नौ वयस्क र चार दशमलव चार बालबालिका आधुनिक दासताको शिकार भएका छन् । कुल पीडितमध्ये ७१ प्रतिशत महिला तथा बालिका रहेको जनाइएको छ । यसले मानव बेखबिखनमा सबैभन्दा प्रभावित महिला तथा बालिका भएको पुष्टि गर्दछ ।

दासत्वको चरम सङ्घर्षमा रहेका समुदायमध्ये हलिया, हरवाचरवा पनि हुन् । गत वर्ष भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अधिवक्ता श्याम श्रेष्ठको संयोजकत्वमा मुक्तकमैया कम्लरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति गठन गरेको थियो । समितिका सदस्य गणेश विकका अनुसार त्यसबेला देशका २२ जिल्लामा पुगेर प्रतिवेदन तयार पारिएको थियो ।

समितिले सरकारलाई प्रतिवेदन र त्यसको कार्यान्वयनका लागि निर्देशिकासमेत बुझाए पनि हालेसम्म व्यवहारमा लागू नभएको अधिकारकर्मी विक बताउनुहुन्छ । उहाँले हरवचरवाहरूका सन्दर्भमा राज्यले मुक्तिको घोषणाबाहेक केही गर्न नसकेको बताउनुभयो । देशभर रहेका करिब एक लाख हरवाचवा समस्यामा छन् । सदियौंदेखि साहुको घरमा गोठालो बनेर जीविको चलाउँदै आएका यस समुदायका व्यक्ति पछिल्लो समय थप शोषण भन्ने अवस्थामा रहेका विकको भनाइ छ । “मुक्तिको घोषणा गरिएको छ तर पुनःस्थापनाका काम अगाडि बढेका छैनन् । सामान्य लगत सङ्कलन र पहिचानको काम पनि अगाडि बढेको छैन । सदियौंदेखि दासत्वको

*बाँकी अन्तिम पृष्ठमा*



Regd. No.264
MADRASA FAIZUL ULOOM
KHADAK MUNICIPALITY-4
AMHA, SAPTARI NEPAL
+9779807768039

मदरसा फैजुल उलूम खडक न.पा.-४,अमहा,सप्तरी नेपाल

Date: २०८१।८।१६

च.नं. ४५
प.सं. ०८१/०८२

विषय: विज्ञापन (सूचना) सम्बन्धमा

प्रस्तुत विषयमा यस मदरसा फैजुल उलूम खडक न.पा.-४ अमहा सप्तरीमा गठित शिक्षक छनौट समिति को मिति २०८१ साल मंसिर १६ गतेको बैठक निर्णय अनुसार यस मदरसामा रिक्त रहेको बाल विकास (स.का.) शिक्षक कोटा संख्या – १(एक) मा पदपूर्ति गर्न शिक्षा नियमावली बमोजिम खुल्ला प्रतिस्पर्धा मार्फत इच्छुक रित पुगेका उमेदवारहरूले तपसिल बमोजिमका कागजातहरू सहित मिति २०८१ साल मंसिर १६ गते देखि लागु हुने गरी १५ दिनको म्याद राखी दरखास्त आव्हान गरिन्छ।

तपसिल
१) विज्ञापन:- १/२०८१/०८२
२) पद :- बाल विकास (स.का.) शिक्षक
३) पद संख्या :- १ (एक)
४) शैक्षिक योग्यता:- मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा विषय लिई १०+२ उतीर्ण भएको।
५) नेपाली नागरिक भएको।
६) उमेर:- १८ वर्ष पुरा गई ४० वर्ष न नाघेको।
७) निरोग भएको।
८) नैतिक पतन देखिने गरी फौजदारी अभियोग नलागेको
९) आवेदन दस्तुर:- रु १५०१/- (एक हजार पाँच सय एक मात्र)
१०) आवेदन फाराम दस्तुर:- रु १००। (एक सय मात्र)
११) आवेदन दिने मिति:- २०८१।८।१६ गते देखि २०८१।८।३० गते ४:०० बजे बेलुका सम्म।
१२) आवेदन दिने समय:- विद्यालय संचालन समय भित्र।
१३) स्थान:- मदरसा फैजुल उलूम अमहा, खडक न.पा-४ सप्तरी
१४) सम्पर्क मिति:- २०८१ साल पौष १ गते
१५) शैक्षिक योग्यताको प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपी २/२ प्रति र निरोगिता प्रमाण पत्रको (सक्कल) १ प्रति आवेदन साथ पेश गर्नुपर्नेछ। फोटो २ प्रति अनिवार्य।

नोट:- आवेदन दस्तुर आवेदन साथ लिइनेछ। म्याद भित्र लगायत अन्य निर्णय शिक्षक छनौट समितिको निर्णय अनुसार हुनेछ।

Head Teacher
सदस्य सचिव
शिक्षक छनौट समिति
मदरसा फैजुल उलूम अमहा
खडक न.पा.-४ सप्तरी

# विश्व समाचार

## विश्वकै दुर्लभ ह्वेलको अनुसन्धानमा न्युजिल्यान्डका वैज्ञानिक

वेलिङ्गटन, १७ मङ्सिर (रासस/एएफपी) ।

न्युजिल्यान्डका वैज्ञानिकहरूले सोमवारदेखि विश्वकै दुर्लभ मानिएको ह्वेलको विश्लेषण सुरु गरेका छन् ।

न्युजिल्यान्डको साउथ आइल्याण्डमा यसै वर्षको सुरुमा मृत भेटिएको कोदालीपाते दाँत भएको र चुच्चो मुख भएको समुद्रको गहिराइमा बस्ने स्तनपायी जनावर ह्वेलको अध्ययन गर्ने मौका मिलेको हो ।

पाँच मिटर (१६.४ फिट) लामो उक्त ह्वेललाई जुलाईमा समुद्र किनारबाट निकालिएको थियो र त्यसपछि उसलाई विशेष ‘फ्रिजर’मा राखिएको थियो । ह्वेल विशेषज्ञ एन्टोन भ्यान हेल्डेनका अनुसार वैज्ञानिकहरूले पहिलो पटक कोदालीपाते दाँत भएको ह्वेलको नमूनाको विश्लेषण गर्ने अवसर मिलेको हो ।

“यो एक उल्लेखनीय र विश्वव्यापी रूपमा महत्वपूर्ण अवसर हो,” उहाँले भन्नुभयो । सप्ताहव्यापी विच्छेदनले ह्वेलको व्यवहार, यसको आहार र यसको आधारभूत शरीर रचनाको बारेमा अहिलेसम्म प्राप्त गर्न नसकिएका जानकारी लिन मद्दत गर्नेछ ।

भ्यान हेल्डेनले भन्नुभयो, “चुच्चे ह्वेल संसारमा पाइने ठूला स्तनधारीहरूको सबैभन्दा रहस्यमय ह्वेल प्रजाती हो ।

उहाँले भन्नुभयो, “तिनीहरू गहिरो स्थानमा रहने ‘गोताखोर’ हरू हुन् जसलाई समुद्रमा विरलै देखिन्छ र यी समुद्री जनावरहरूको अनुसन्धानको लागि कमै अवसरहरू मिल्ने गर्छ ।”

“संसारको कुनै पनि ठाउँबाट ज्ञात सातौं नमुना मानिएको यो दुर्लभमध्ये सबैभन्दा दुर्लभ जन्तु हो र हामीले यसको चिरफार गरी अध्ययन गर्ने दुर्लभ अवसर पाएका छौं ।”

न्युजिल्याण्डको संरक्षण विभागले कोदालीपाते दाँत भएको ह्वेल ‘विश्वकै दुर्लभ ह्वेल’ भएको बताएको छ ।

सन् १८७४ मा न्युजिल्यान्डको पूर्वी तटमा रहेको चाथम टापुबाट सङ्कलन गरिएको तल्लो बङ्गारा र दुईवटा दाँतबाट यो प्रजातिको वर्णन गरिएको थियो ।

उक्त नमूना र न्युजिल्यान्ड र चिलीमा भेटिएका अन्य दुई नमूनाका कंकालका अवशेषले वैज्ञानिकहरूलाई नयाँ प्रजाति पुष्टि गर्न आधार दिएको थियो । यति कम नमूनाहरू फेला परेका छन् र त्यहाँ कुनै जीवित दृश्यहरू छैनन्, कोदालो-दाँतिदार व्हेललाई न्यूजील्याण्ड थ्रेट वर्गीकरण प्रणाली अन्तर्गत तथ्याङ्क कम भएको जनावरको रूपमा वर्गीकृत गरिएको छ ।

## कुवेत एयरपोर्टमा फसेका ६० जना भारतीयको उद्धार

कुवेत, १७ मङ्सिर (रासस/एएनआई) ।

कुवेतमा गल्फ एयरको उडानमा फसेका यात्रुहरू कुवेतबाट सोमबार उद्धार गरेको कुवेतस्थित भारतीय दूतावासले विज्ञप्तिमार्फत जनाएको छ । दूतावासको टोली उद्धार उडान नभएसम्म मैदानमै रहेको विज्ञप्तिमा उल्लेख छ ।

सामाजिक सञ्जाल एक्समा गरिएको पोस्टमा ‘म्यानचेस्टरका लागि गल्फ एयरको उडान अन्ततः सोमबार बिहान ४:३४ बजे भारतीय यात्रुहरूसहित प्रस्थान गरेको जनाइएको छ ।”

प्राविधिक समस्याका कारण गल्फ एयरको उडानलाई कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा फर्काइएपछि आइतबार भारतीय यात्रु १३ घण्टाभन्दा बढी समय कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा फसेका थिए ।

मुम्बईबाट म्यानचेस्टरका लागि गल्फ एयरको उडानमा यात्रा गरिरहेका यात्रुहरूले लामो पर्खाइको समयमा खाना, आवास वा आधारभूत सहायता नपाएको गुनासो गरेका छन् ।

यद्यपि, भारतीय दूतावासले ‘लाउन्ज’मा फसेका यात्रुहरूका लागि खाना र पानी उपलब्ध गराएको जनाएको छ भने दूतावासका अधिकारीहरूले यात्रुहरूलाई दुईवटा विमानस्थलको लाउन्जमा राखिएको बताएका छन् ।

## पाकिस्तानमा भएको साम्प्रदायिक झडपमा मृत्यु हुनेको संख्या १३३ पुग्यो

पेसावर, पाकिस्तान, १७ मङ्सिर (रासस/एएफपी) ।

उत्तरपश्चिम पाकिस्तानमा भएको साम्प्रदायिक झडपका कारण मृत्यु हुनेको सङ्ख्या बढेर १३३ पुगेको प्रान्तीय सरकारले सोमबार जनाएको छ ।

विवादित आदिवासी सुन्नी र शिया मुस्लिम समुदायबीच भएको युद्धविरामपछि पनि अझै झडपहरू नरोकिएको तर कम भएको सरकारले जनाएको छ । पाकिस्तान सुन्नी बहुल देश हो यद्यपि अफगानिस्तानको सीमा नजिकै रहेको खैबर पख्तुनख्वा प्रान्तको कुर्रममा ठूलो शिया जनसङ्ख्या छ जहाँ दुई समुदायहरू दशकौंदेखि द्वन्द्वमा छन् ।

नोभेम्बर-२१ देखि भएको झडपमा दिनहु मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको तथा १७७ जना घाइते भएको प्रान्तीय मन्त्रिपरिषद् बैठकपछि जारी गरिएको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा ‘कुर्रममा सशस्त्र समूहद्वारा स्थापित बङ्करहरू ध्वस्त गरिने तथा हतियारहरू जफत गरिने’ उल्लेख गरिएको छ ।

विहीवार सुरु भएको पछिल्लो लडाइँमा प्रहरी स्कर्टमा यात्रा गरिरहेका दुई अलग-अलग यातायातमा आक्रमण भएपछि ४० भन्दा बढीको मृत्यु भएको जनाइएको छ । झडपले यस क्षेत्रलाई ठप्प पारेको छ भने प्रमुख सडकहरू बन्द भएका छन् र मृत्युको सङ्ख्या बढ्दै जाँदा मोबाइल फोन सेवाहरू काटिएका छन् ।

प्रान्तीय राजधानी पेशावरका एक वरिष्ठ सुरक्षा अधिकारीले नाम उल्लेख नगर्ने शर्तमा ‘पहिलेका दुई सम्झौताहरूले झडप रोक्न असफल भएपछि आदिवासीको सहयोगमा अधिकारीहरूले ‘युद्धविराम प्रयास गरिरहेको बताउनुभएको छ । पाकिस्तानको मानव अधिकार आयोगले जुलाईदेखि अक्टोबरसम्म यस क्षेत्रमा भएको साम्प्रदायिक झडपमा ७९ जनाको मृत्यु भएको जनाएको छ ।

# सञ्चार क्षेत्रको विकास र उत्थानका लागि प्रदेश सरकार प्रतिबद्ध छ : मन्त्री लेखी




**दैनिक समाचारदाता**
**जनकपुर, १७ मंसिर ।**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राज कुमार लेखीले सञ्चार क्षेत्रको विकास र उत्थानका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

मिडिया काउन्सिल मधेश प्रदेशका संस्थापक अध्यक्ष शिवहरी प्रसाद भट्राइको दोश्रो वार्षिक पुण्यतिथिको अवसरमा मिडिया काउन्सिल मधेश प्रदेशले सोमबार आयोजना गरेको श्रद्धाञ्जलीसभामा बोल्दै उनले यस्तो बताएका हुन् ।

उनले सञ्चारकर्मी र सञ्चारक्षेत्रको पिडालाई आफूले राम्ररी बुझेको भन्दै पत्रकारको बिमा, वृतिविकास, सुरक्षा सहित सञ्चारगृहको लागि आवश्यक पर्ने लोककल्याणकारी विज्ञापनका लागि आफू सकारात्मक रहेको बताए ।

उनले मधेश प्रदेशका सञ्चारक्षेत्रका समस्याबारे संस्थागत रुपले सुझाव दिनका लागि आग्रह गरे । उनले ३० वर्ष पत्रकारिता गरेका पत्रकारको सम्मानका लागि बजेट विनियोजन गर्न आफुले मन्त्रिपरिषदमा विषय वस्तु उठान गरिसकेको भन्दै प्रत्येक जिल्लामा वरिष्ठ पत्रकारहरुको सम्मान गर्ने परिपाटी बसाल्नु पर्नेमा जोड दिए । उनले सञ्चार माध्यममा राजनीतिक विषयवस्तु मात्रै समाचार बन्ने गरेको भन्दै समाजमा देखिएका विकृतिहरुको विरुद्धमा पनि कलम चलाउनका लागि सञ्चारकर्मीहरुलाई आग्रह गरे । उनले सञ्चारकर्मीहरुले सत्यतथ्यलाई उजागर गर्नुपर्ने भन्दै आज भोली पित पत्रकारिता पनि बढ्दै गएकोमा चिन्ता व्यक्त गरे । उनले भने, हरेक दिन हजारौं मान्छेको मृत्यु हुन्छ । तर केही यस्तो व्यक्ति हुन्छ जसको मृत्यु भएमा समाजले नै शोक मनाउने गर्छ । त्यस्ता व्यक्तिहरु मध्येका एक शिवहरी प्रसाद भट्राई हुन ।

कार्यक्रममा प्रदेशसभा सदस्य रामअशिष यादवले सरकार मिडिया मैत्री भए मात्र लोकतन्त्र मजबुत हुने भएकोले प्रदेश सरकारलाई मिडियामैत्री बन्न सल्लाह समेत दिए । उनले संस्थागत अध्यक्ष भट्राई जस्तो सुकै समस्या समाधान गर्ने व्यक्ती रहेको भन्दै पत्रकारहरुको बिचमा द्वन्द्व हुँदा पनि समाधान गर्ने गरेको बताए ।

कार्यक्रममा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले प्रदेश सरकारले पत्रकारको एक लाखको स्वास्थ्य बिमा र सात लाखको दुर्घटना बिमा गर्न लागेको र केही दिनभित्रै स्नाकोत्तर अध्यनका लागि केही पत्रकारलाई छात्रवृति दिने व्यवस्था गर्न लागेको बताए ।

मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलास दासको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्ण, प्रेस स्वतन्त्रता सेनानी रामभरत साह, नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामत सहितकाले संस्थापक अध्यक्ष भट्राइको नाउमा पुरस्कारको व्यवस्था हुनु पर्नेमा जोड दिऐ ।

# आगलागीबाट एक करोड बढीको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

विद्युत् सट भई आगलागी हुँदा यहाँको बर्दिबास नगरपालिका-१४ मा एक करोड बढीको क्षति भएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय महोत्तरीका अनुसार बर्दिबास-जलेश्वर सडकको औरहीरोडस्थित न्यू दुर्गा इलेक्ट्रिक सप्लायर्स पसलमा गएराति आगलागी हुँदा विद्युतीय सामान जलेको थियो ।

रामसेवक महतोको तीनतले घरको भूईंतलाका १३ वटा सटरमध्ये छ वटामा राखिएका सामान आगलागीबाट जलेका छन् । धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१३ का सहाजिस नदाफले घर भाडामा लिइ विद्युतीय सामानको पसल सञ्चालन गर्दै आएका थिए ।

स्थानीय, सेना र प्रहरीका साथै रामगोपालपुर नगरपालिकासहितको चारवटा दमकल प्रयोग गरी आगो निभाइएको इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेलले जानकारी दिएका छन् ।

### *डाक्नेश्वरीको दुबै ...*

उदय नारायण पण्डितले २ सय ३१, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सञ्जयकुमार यादवले ६८, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का भागवत रामले ९, राष्ट्रिय प्रजातन्त्र पार्टीका रामकुमार यादवले ६ र नागरिक उन्मुक्ति पार्टीका शिवकुमार रामले ३ र जनता समाजवादी पार्टीका रविन्द्र रायले ३ मत प्राप्त गरेको निर्वाचन कार्यालयले जनाएको छ ।

### *लैङ्गिक हिंसाविरुद्ध ...*

समाजमा यस्तो प्रकारको हिंसालाई क्रमश: कमी गर्दै लैजान कडाभन्दा कडा कानुनी जरुरी भए पनि सोको प्रावधानभन्दा पनि शिक्षाको समुचित प्रवन्ध नै अत्यावश्यक हुन्छ । त्यसैले लैङ्गिकसमानता र सचेतनाका लागि सामाजिक न्यायउन्मुख शिक्षाको सुप्रबन्ध जरुरी छ । सामाजिक न्यायोन्मुख समाजले मात्र यस्ता हिंसाबाट समाजलाई मुक्त गर्न सक्छ र लैङ्गिक सन्तुलन कायम गरी सबै खालका लिङ्गीय विभेदलाई अन्त गर्न सक्षम हुनसक्ने वातावरण बन्न सक्छ ।

### *दासप्रथा उन्मूलन ...*

पीडामा पिल्सिएका हरवाचरवा मुक्त गरेर अलपत्र छोडेको भनेर आक्रोसित छन्", उहाँले भन्नुभयो ।

हरेक वर्षको डिसेम्बर २ तारिखका दिन अन्तर्राष्ट्रिय दासप्रथा उन्मूलन दिवस मनाउने गरिन्छ । सन् १९४९ देखि यो दिवस संयुक्त राष्ट्रसङ्घ र सदस्य राष्ट्रलगायत संसारभरि मनाउने चलन छ ।

नेपालमा श्री ३ चन्द्र शमशेर जङ्गबहादुर राणाले ९८ वर्षअघि विसं १९८३ मा दासप्रथा उन्मूलनको घोषणा गर्नुभएको थियो ।

# पर्सामा सशस्त्र प्रहरीद्वारा १५ करोड १८ लाख भन्सार छलीका सामान पक्राउ

पर्सा, १७ मङ्सिर (रासस) ।

सशस्त्र प्रहरी बल नेपाल पर्साले अन्तरदेशीय सीमा क्षेत्रमा हुनसक्ने अपराध र भन्सार छली रोक्न उच्च प्राथमिता दिएको छ ।

पर्सा जिल्लामा एक सय सात किलोमिटर सीमा क्षेत्र भारतसँग जोडिएकाले पनि भन्सार छली रोक्नका नियमित रुपमा गस्ती, सीमा क्षेत्रमा जाँच र तालिमप्राप्त कुकुरको प्रयोग गर्दै आइरहेको छ । सशस्त्र प्रहरी बल, नेपाल नम्बर १३ गण हेड क्वाटर पर्साका गणपति राधेश्याम धिमालले चालु आर्थिक वर्षको चार महिनाको अवधिमा सशस्त्र प्रहरीले पर्सा जिल्लामा भन्सार छली गरेर भित्रचाएका रु १५ करोड १८ लाख मूल्य पर्ने वस्तु तथा सामान नियन्त्रणमा लिएको जानकारी दिनुभयो ।

"सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरीले सक्रियता बढाएसँगै अवैध चोरी पैठारी गरेर भित्रिने लत्ताकपडा, इलेक्ट्रोनिक्स सामान, हार्डवेयर, मोटरपार्टस, खाद्यान्न पदार्थ र किरानाका सामान पक्रिने क्रम ह्वातै बढेको छ", उहाँले भन्नुभयो, "पछिल्लो समय त सीमा क्षेत्रमा तालिमप्राप्त कुकुर पनि खटाएर चेकिङलाई अझै प्रभावकारी गर्ने कोसिस गरिरहेका छौं ।"

सशस्त्र प्रहरी बल पर्साले चालु आवको चार महिनाको अवधिमा रु १२ करोड ५३ लाख ८८ हजार नौ सय ३३ रकम मूल्य पर्ने भन्सार छली गरेर भित्रचाइएका लत्ताकपडा, इलेक्ट्रोनिक्स सामान, हाडवेयर, मोटर पार्ट्स, खाद्यान्न पदार्थ र किराना सामान बीरगञ्ज भन्सार कार्यालयमा बुझाएको जनाएको छ ।

त्यस्तै सोही अवधिमा रु दुई करोड ६४ लाख ३० हजार एक सय ४९ मूल्य पर्ने बिलबिजक नभएका सामान भने राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको जनाएको छ । सशस्त्र प्रहरीले बरामद गरेको रेकर्ड हेर्दा सबैभन्दा धेरै लत्ताकपडा, मेसिनरी पार्टपुर्जालगायतका सामान धेरै तस्करी हुने गरेको देखाउँछ । सशस्त्र प्रहरीले सोही अवधिमा जिल्लामा १४ लाख ५१ हजार मूल्य पर्ने पाँच सय ३१ क्युफिट काठ पनि बरामद गरेर डिभिजन वन कार्यालय पर्सालाई बुझाएको छ ।

त्यस्तै सोही अवधिमा दुई सय ३६ किलोग्राम गाँजा, १४ दशमलव ९६ किलोग्राम लागुऔषध चरेश पनि बरामद गरेको थियो । सशस्त्र प्रहरीले जिल्लामा आव २०८०/८१ मा भने ३४ करोड २७ लाख ७८ हजार तीन सय ३३ मूल्य पर्ने बिलबिजक नभएका र भन्सार छलीका सामान बरामद गरेको थियो ।

# एमालेले सात जिल्लाको अधिवशेन गर्न बाँकी

काठमाडौं, १७ मङ्सिर (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले सात जिल्लामा अधिवेशन गर्न बाँकी रहेको छ । एमाले निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बाले बाँकी रहेका जिल्लाको अधिवशेन यही महिनाभित्र सम्पन्न गर्ने बताउनुभयो ।

मोरङ, सिरहा, सप्तरी, धनुषा, अछाम, बझाङ र डोटी जिल्लाको अधिवेशन गर्न बाँकी छ । गत जेठ मसान्तमा जिल्ला अधिवेशन गर्नुपर्ने भए पनि सदस्यता वितरण र आन्तरिक विवादका कारण ती जिल्लाको अधिवेशन निर्धारित समयमा हुन नसकेको अध्यक्ष डा सुब्बाले बताउनुभयो । उहाँले बझाङ जिल्लाको अधिवेशनको समय यही महिनाको अन्तिममा तोकिएको र बाँकी जिल्लाको अधिवेशन पनि चाँडै तोकिने बताउनुभयो ।

पार्टीले अधिवेशन हुन बाँकी रहेका सबै जिल्ला कमिटीलाई यही मङ्सिर महिनाभित्र अधिवेशन गर्न निर्देशन दिएको अध्यक्ष डा सुब्बाले बताउनुभयो । "मङ्सिर महिनामा अधिवेशन सक्नुपर्ने हो ।

जिल्ला कमिटीले मिति तोकेर आउनुपर्दछ", उहाँले भन्नुभयो, "अनि हामीले निर्वाचन गराउने हो ।" अहिलेसम्म ७० जिल्लाका जिल्ला अधिवेशन सम्पन्न भएका छन् ।

# सांसद सापकोटालाई कारबाही नगरिएकामा जनमत पार्टीको असन्तुष्टि

काठमाडौं, १७ मङ्सिर (रासस) ।

जनमत पार्टीले सांसद गोमा लाभ सापकोटालाई कारबाही नगरिएकामा असन्तुष्टि जनाएको छ । जनमत पार्टीका प्रवक्ता शरदसिंह यादवले सोमबार विज्ञप्ति जारी गर्दै पार्टीले कारबाही गरेको र सांसद् पदबाटमुक्त गरेको व्यक्तिलाई संसद्ले बचाउ गरेको भन्दै गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्नुभएको छ ।

"जनमत पार्टीको केन्द्रीय समितिले सम्पूर्ण प्रक्रिया पुऱ्याएर कारबाही सदर गरिसकेको सदस्यलाई संविधानको भावना विपरीत संरक्षण गर्न खोजिएको छ, यसप्रति पार्टीको आपत्ति छ", विज्ञप्तिमा भनिएको छ । सापकोटा जनमत पार्टीबाट प्रतिनिधिसभामा समानुपातिक सांसद हुनुहुन्छ । सापकोटालाई साधारण सदस्यसमेत नरहनेगरी कारबाही गरिए पनि संसद् सचिवालयले बचाउ गर्नेगरी पार्टीलाई पत्र पठाएकोप्रति उहाँले आपत्ति जनाउनुभयो ।


## माटोको उर्वराशक्ति जोगाऔं

- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- पराल, छवाली तथा पातपतिङ्गरलाई नजलाऔं,
- कम्पोष्ट मल तथा हरियो मलको प्रयोग बढाऔं,
- भिरालो तथा भू-क्षय संवेदनशील क्षेत्रलाई खाली नराखौं, त्यस्ता जग्गामा कृषि वन प्रणाली अपनाऔं,
- रसायनिक मलको न्यून प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*